# स्थानीय राजपत्र

## रघुगंगा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० मौवाफाँट, म्याग्दी, भदौ २६ गते, २०८३ साल

## भाग-२

## रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रघुगंगा गाउँपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको कार्यविधि संख्या नं. ०९

# अर्गानिक गाउँ घोषणा तथा प्राङ्गारिक मल अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

# अर्गानिक गाउँ घोषणा तथा प्राङ्गारिक मल अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावनाः** रघुगंगा गाउँपालिका वडा नं. ८ स्थित कुइनेखानी गाउँको वातावरणीय सन्तुलन कायम राख्न, माटोको उर्वराशक्ति संरक्षण गर्न, रसायनमुक्त स्थानीय कृषि उपज उत्पादनमा वृद्धि गरी कृषकहरूको आयस्तर बढाउन र कुइनेखानीलाई एक विशिष्ट "अर्गानिक गाउँ (Organic Village)" को रूपमा विकास गर्नका लागि; साथै प्राङ्गारिक मल प्रयोगमा प्रोत्साहन गर्न अनुदान कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बाट प्रत्याभूति हक अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम रघुगंगा गाउँपालिका ले यो कार्यविधि बनाइ लागू गरिएको छ।

## परिच्छेद — १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अर्गानिक गाउँ घोषणा तथा प्राङ्गारिक मल अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहनेछ।
(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) **"गाउँपालिका"** भन्नाले रघुगंगा गाउँपालिका सम्झनु पर्छ।
(ख) **"शाखा"** भन्नाले गाउँपालिकाको कृषि विकास शाखालाई जनाउँछ ।
(ग) **"वडा समिति"** भन्नाले रघुगंगा गाउँपालिका वडा नं. ८ को वडा समितिलाई सम्झनु पर्छ।
(घ)**"लक्षित क्षेत्र"** भन्नाले रघुगंगा गाउँपालिका वडा नं.८ मा पर्ने कुईनेगाउँ क्षेत्रलाई जनाउँछ ।
(ङ) **"प्राङगारिक मल"** भन्नाले कम्पोष्ट मल, गोठे मल, गँडयौला मल, हरियो मल, जीवाणु मल तथा तालिम प्राप्त/ प्रमाणित प्राङगरिक मल उत्पादनलाई जनाउँछ ।
(च) **" रासायनिक मल/बिषादी "** भन्नाले रासायनिक रुपमा तयार गरिंएको यूरिया, डि.ए.पि, पोटास तथा रासायनिक विभिन्न रासायन द्धारा शत्रुजीव किरा र रोग नियात्रणको लागि रुपमा तयार गरिएको विषादीलाई जनाउँछ ।
(छ) **"कृषक/कृषक समूह"** भन्नाले कुइनेखानी क्षेत्रभित्र खेतीपाती गर्ने व्यक्तिगत कृषक, कृषक समूह वा कृषि सहकारी सम्झनु पर्छ।

३. उदेश्य :-

(१) कुईनेखानी गाउँलाई पूर्ण रुपमा रासायनिक मल र विषादीमुक्त बनाई अर्गानिक गाउँ घोषणा गर्ने ।

(२)स्थानीयस्तरमा नै प्राङगारिक मल उत्पादनलाई प्रवर्द्धन गर्ने र गुणस्तरीय प्राङगारिक मल खरिद/उत्पादनमा अनुदान दिने ।

(३)माटोको प्राङगारिक पदार्थको मात्रा बढाई दिगो कृषि उत्पादन हासिल गर्ने ।

(४)कुईनेखानीका अर्गानिक उत्पादन (आलु, सिमी, फापर, फलफुल ) उत्पादन तथा बजारिकरणमा सहयोग पुर्याउने ।

## परिच्छेद - २

## अर्गानिक गाउँ घोषणा सम्बन्धी व्यवस्था

**४. अर्गानिक गाउँ घोषणाका मापदण्ड तथा प्रक्रियाः** (१) कुइनेखानी गाउँलाई अर्गानिक गाउँ घोषणा गर्नु अघि देहाय अनुसारका प्रक्रिया पूरा गरिनेछः

**(क) रासायनिक पूर्ण निषेधः** गाउँभित्र कुनै पनि किसिमको रासायनिक मल (DAP, Urea, Potash आदि) र रासायनिक किटनाशक विषादी बिक्री, आयात तथा प्रयोगमा पूर्ण प्रतिबन्ध लगाइनेछ।

**(ख) सचेतना तथा अभिमुखीकरणः** सम्पूर्ण स्थानीय घरधुरीहरुलाई तथ्याङ संकलन गर्ने साथै कृषकहरूलाई प्राङ्गारिक कृषि सम्बन्धी तालिम र सचेतना प्रदान गरिनेछ।

**(ग) प्रतिबद्धता पत्रः** प्रत्येक कृषक/घरधुरीले रासायनिक मल/विषादी प्रयोग नगर्ने र प्राङ्गारिक विधि अपनाउने लिखित प्रतिबद्धता जनाउनुपर्नेछ।

**(घ) माटो परीक्षण तथा अनुगमनः** कृषि शाखाबाट माटोको गुणस्तर र रासायनिक अवशिष्टको अवस्था परीक्षण गरिनेछ।

(२) माथि उल्लेखित मापदण्ड पूरा भएपछि गाउँपालिकाको सिफारिसमा कुइनेखानी गाउँलाई औपचारिक रूपमा **"अर्गानिक गाउँ"** घोषणा गरिनेछ।

## परिच्छेद — ३

## प्राङ्गारिक मल अनुदान तथा कार्यक्रम सम्बन्धी व्यवस्था

**५. प्रोत्साहनको किसिम तथा दरः**

१. रघुगंगा गाउँपालिका वडा नं. ८ कुईनेखानी भित्र प्रत्येक घरधुरीबाट उत्पादित पाकेको प्राङगारिक मल/गोठेमल ५० केजी बोराको प्रति बोरा रु.२०० को दर कृषकहरुलाई प्रोत्साहन रकम दिनेछ।

२. कार्यक्रम व्यवस्थापन खर्चको लागि रु.२००००/- रकम छुट्याई बाकी रकम प्रोत्साहन रकम सबै घरधुरीलाई दामासाहीले वितरण गरिनेछ ।

**६. दण्ड तथा सजायः** (१) अर्गानिक गाउँ घोषणा भइसकेपछि यदि कुनै कृषकले चोरी-छिपी रासायनिक मल वा प्रतिबन्धित रासायनिक विषादी प्रयोग गरेको पाइएमाः

क.प्रथम पटकः सचेत गराउने र दिइएको अनुदान फिर्ता गराउने।

ख.दोस्रो पटकः गाउँपालिकाबाट पाइने सम्पूर्ण कृषि सम्बन्धी सेवा, सुविधा र अनुदानबाट कम्तीमा दुई वर्षका लागि वञ्चित गरिने।

## परिच्छेद - ४:
## अनुगमन, नियमन तथा कारबाही

**७. अनुगमन समितिः** (१) कार्यक्रमको प्रभावकारी सञ्चालन र नियमनका लागि देहाय अनुसारको अनुगमन समिति रहनेछः

**क.संयोजकः** गाउँपालिका उपाध्यक्ष

**ख.सदस्य :** प्रमुख प्रशासकीय अधिकृत

**ग.सदस्यः** गाउँपालिका कृषि विकास शाखा प्रमुख

**घ.सदस्य :** वडा अध्यक्ष

**ङ.सदस्यः** स्थानीय कृषक/कृषक समूहका प्रतिनिधि (१ जना महिलासहित २ जना)

**च.सदस्य-सचिवः** वडा सचिव/कृषि प्राविधिक

**८.बजेट व्यवस्थापनः** यस कार्यक्रमको लागि आवश्यक बजेट रघुगंगा गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत बजेटबाट कार्यक्रम संचालन गरिनेछ ।

**९. संशोधन र व्याख्याः**

(१) यस कार्यविधिको व्याख्या गर्ने अधिकार रघुगंगा गाउँ कार्यपालिकामा निहित रहनेछ।

(२) कार्यविधिमा संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको बहुमतले संशोधन गर्न सक्नेछ।

अनुसूची-१

(दफा ४ को खण्ड (ख) संग सम्बन्धित)

## कृषि तथा पशुपालन पारिवारिक तथ्याङ्क सङ्कलन फारम

१. घरमुली तथा कृषकको विवरणः

- घरमुलीको नाम/थरः ........................................................................
- कृषक/सम्पर्क व्यक्तिको नामः ..........................................................
- नागरिकता नं.ः .............................. मोबाइल नं.ः ...............................
- टोल/गाउँः .................................... घर धुरी संख्याः .........................

२. जग्गाको विवरण (रोपनी/आना वा कट्टामा):

- आफ्नो स्वामित्वमा रहेको जग्गाः ........................... (रोपनी)
- भाडा वा कमाउन लिएको जग्गाः ........................... (रोपनी)
- कुल खेती गरिएको क्षेत्रफलः ........................... (रोपनी)

३. प्रमुख कृषि बाली तथा उत्पादन (वार्षिक):

| क्र.सं. | बाली/वस्तुको नाम | क्षेत्रफल (रोपनी) | अनुमानित वार्षिक उत्पादन (क्विन्टल/केजी) | बिक्री गरिने परिमाण |
|---|---|---|---|---|
| १. | खाद्यान्न (मकै, कोदो, फापर, आलु आदि) | | | |
| २. | तरकारी (सिमी, काँक्रो, साग आदि) | | | |
| ३. | फलफूल (स्याउ, सुन्तला, ओखर आदि) | | | |
| ४. | जडीबुटी / अन्य | | | |

४. पशुपालन सम्बन्धी तथ्याङ्कः

| क्र.सं. | पशु/पंक्षीको प्रकार | संख्या (वटा) | दैनिक/वार्षिक उत्पादन (दूध/मासु/अण्डा) | गोबर/मल उत्पादन (अनुमानित डोको/बोरा) |
|---|---|---|---|---|
| १. | गाई / बाछाबाछी | | | |
| २. | भैंसी / राँगा | | | |
| ३. | भेडा / बाख्रा | | | |
| ४. | कुखुरा / हाँस | | | |
| ५. | खच्चड / घोडा | | | |

५. मल तथा विषादी प्रयोगको वर्तमान अवस्था (विगत १ वर्षको अभ्यास):

- कम्पोष्ट/गोबर मल प्रयोगः [ ] छ [ ] छैन *(दैनिक/वार्षिक कति प्रयोग हुन्छ? ..................)*
- रासायनिक मल प्रयोगः [ ] छ [ ] छैन *(यदि छ भनेः DAP/Urea/Potash कति केजी? ..................)*
- रासायनिक विषादी प्रयोगः [ ] छ [ ] छैन *(यदि छ भने प्रकारः ............................................)*

## अनुसूची-२
(दफा ४ को खण्ड (ग) संग सम्बनधित )

### रासायनिक मल तथा विषादी प्रयोग नगर्ने लिखित प्रतिबद्धता-पत्र

**श्री अध्यक्ष ज्यू,**
वडा समिति/अर्गानिक गाउँ घोषणा समन्वय समिति,
रघुगंगा गाउँपालिका वडा नं. ८, म्याग्दी।

**विषयः रासायनिक मल तथा विषादी प्रयोग नगर्ने प्रतिबद्धता-पत्र।**

म/हामी रघुगंगा गाउँपालिका वडा नं. ८, ........................................ (टोल/गाउँ) निवासी श्री ................................................................. का नाति/नातिना, श्री ................................................................. को छोरा/छोरी/बुहारी, वर्ष ......... को श्री ................................................................. (नागरिकता नं. ........................................) ले अर्गानिक गाउँ घोषणा अभियान प्रति पूर्ण समर्थन जनाउँदै स्वैच्छिक रूपमा देहाय बमोजिमको लिखित प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं:

१.म/हाम्रो परिवारको स्वामित्वमा रहेको वा भाडामा लिई खेतीपाती गरिएको सम्पूर्ण जग्गामा **कुनै पनि प्रकारका रासायनिक मल** (जस्तैः युरिया, डि.ए.पि., पोटास आदि) र **हानिकारक रासायनिक किटनाशक/रोगनाशक विषादीहरू** आयात, खरिद, भण्डारण वा प्रयोग गर्ने छैनौं।
२.कृषि बाली, तरकारी तथा फलफूल उत्पादनका लागि पूर्ण रूपमा प्राङ्गारिक मल (गोबर मल, कम्पोष्ट मल, हरियो मल, झोल मल) र जैविक प्रविधिको मात्र प्रयोग गर्नेछौं।
३.गाउँपालिका तथा वडा कार्यालयले सञ्चालन गर्ने अर्गानिक कृषि, गोठ सुधार, कम्पोष्ट खाडल निर्माण तथा प्राङ्गारिक मल अनुदान सम्बन्धी तालिम तथा कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउनेछौं।
४.यदि मैले/हामीले जानीजानी वा लुकीछिपी रासायनिक मल तथा विषादी प्रयोग गरेको पाइएमा गाउँपालिकाको नियमानुसार हुने कारबाही (अनुदान फिर्ता, सेवा सुविधाहरूबाट वञ्चित आदि) भोग्न मञ्जुर गर्नेछौं।

**प्रतिबद्धता जनाउने कृषकको:**

- **नाम/थरः** .................................................................
- **सही/छापः** .................................................................
- **मितिः** .................................................................

रोहबर (वडा प्रतिनिधि/टोली प्रमुख):

- नामः ................................................................
- पदः ................................................................
- दस्तखतः ..........................................................

आज्ञाले ,

कुलराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत।